निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. Ref: २०७८।०७९।१२२

(मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

मिति :- २०७८/११/११

श्री प्रदेश निर्वाचन कार्यालय (सबै),
श्री जिल्ला निर्वाचन कार्यालय (सबै) ।

विषय : मतदाता परिचय पत्र सम्बन्धमा ।

आयोगबाट मिति २०७८/११/१० मा देहाय बमोजिमको निर्णय भएकोले निर्णय अनुसार हुन अनुरोध छ ।

देहाय

१. आयोगको मिति २०७८/११/०५ को निर्णय बमोजिम विभिन्न कारणले परिचय पत्र नष्ट भएका वा हराएका परिचयपत्र पुनः बनाउनुपर्ने भनी सम्बन्धित मतदाताले वडा कार्यालयको सिफारिस सहित प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालयमा निवेदन गर्न आएमा मतदाता परिचयपत्र उपलब्ध गराउने प्रयोजनका लागि निशुल्क रुपमा सिफारिस गर्न सबै स्थानीय तहमा परिपत्र गर्ने,

२. आयोगबाट मिति २०७८/११/०५ मा सरोकारवाला स्वयंले आफ्नो वडा कार्यालयको सिफारिस सहित मतदाता नामावली रहेको सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिने भन्ने निर्णय भएकोमा वडा कार्यालयको सिफारिस सहित सम्बन्धित मतदाता स्वयं उपस्थित भई निवेदन दिएमा वा वडा कार्यालयको सिफारिस सहित इमेल वा फ्याक्स वा अन्य विधि मार्फत समेत प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालयमा निवेदन पठाएमा सो निवेदन समेत दर्ता गरी प्रक्रिया अगाडि बढाउन निर्वाचन कार्यालयलाई निर्देशन दिने ।

नम्रता चुडाल
शाखा अधिकृत